# प्रारम्भिक बालविकास (ECD) सहजकर्ता छनौट प्रतियोगिताको पाठ्यक्रम, २०८२
## मिक्लाजुङ गाउँपालिका, पाँचथर
## परीक्षा योजना (Examination Scheme)
### पहिलो चरण

| खण्ड | परीक्षाको प्रकार | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्रश्न सङ्ख्या र अङ्कभार | समय |
|---|---|---|---|---|---|
| क | वस्तुगत (MCQs) | ५० | ४० | २५ प्रश्नहरु २ अङ्कभार | ३ घण्टा |
| ख | विषयगत (लिखित परीक्षा) | ५० | | ६ प्रश्न ५ अङ्कभार र २ प्रश्नहरु १० अङ्कभार | |

### दोस्रो चरण अन्तरवार्ताः२५

- अनुभव बापत ५ अंकः हरेक बर्ष ०.५ का दरले बढीमा ५ अङ्क
- शैक्षिक योग्यता वापत ५ अंकः न्युनतम शैक्षिक योग्यता ३ (प्रथम ३, द्वितिय २) माथिल्लो शैक्षिक योग्यता २ (प्रथम २, द्वितिय १)
- अन्तरवार्ता १५ अंक

### खण्ड 'क': वस्तुगत सामान्य ज्ञान, शैक्षिक इतिहास तथा ऐन कानुन
**(पूर्णाङ्क: ५०)**

*(यस खण्डबाट २५ वटा बहुवैकल्पिक प्रश्नहरू सोधिनेछन्। प्रत्येक प्रश्नको अङ्कभार २ हुनेछ।)*

१. **नेपालको सामान्य ज्ञान, स्थानीय परिवेश र शैक्षिक इतिहास (१४ अङ्क )**

- कोशी प्रदेश र पाँचथर जिल्लाको भौगोलिक तथा प्रशासनिक अवस्थिति।
- **मिक्लाजुङ गाउँपालिकाको परिचय:** पालिकाको ऐतिहासिक, सांस्कृतिक (लिम्बू, राई लगायतका समुदायको रैथाने संस्कृति), र भौगोलिक अवस्था (८ वटै वडाहरूको सामान्य जानकारी)।
- नेपालको शैक्षिक इतिहास सम्बन्धी सामान्य जानकारी (महत्त्वपूर्ण कोसेढुङ्गाहरू)।
- **IEMIS (Integrated Educational Management Information System):** एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली सम्बन्धी सामान्य जानकारी र विद्यालय तहमा यसको प्रयोग।
- प्रारम्भिक बालविकास शिक्षाको अवधारणा, उद्देश्य, आवश्यकता र नेपालको ग्रामीण परिवेशमा यसको औचित्य।

२. **संविधान, ऐन, नियम र बाल अधिकार (१४ अङ्क)**

- **नेपालको वर्तमान संविधान:** शिक्षा र बालबालिकाको हक सम्बन्धी व्यवस्थाहरू (धारा ३१ र धारा ३९ तथा अनुसूची ८)।
- **शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९:** प्रारम्भिक बालविकास शिक्षा सम्बन्धी भएका मुख्य कानुनी व्यवस्थाहरू।

- **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा स्थानीय कानुन:** बालविकास केन्द्र सञ्चालन, अनुगमन र व्यवस्थापनमा मिक्लाजुङ गाउँपालिका (स्थानीय सरकार) को भूमिका, अधिकार र शिक्षा ऐन/कार्यविधि।
- **बाल अधिकार सम्बन्धी दस्तावेजहरू:** बाल अधिकार सम्बन्धी राष्ट्रिय नीतिहरू र नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय दस्तावेजहरू (जस्तै: UNCRC)।
- **अनिवार्य तथा निशुल्क शिक्षा ऐन (२०७५) तथा नियमावली (२०७७)**

३. **बाल मनोविज्ञान र विकासका विशेषताहरू (२२ अङ्क)**

- **पूर्व बाल्यावस्था (Early Childhood):** यस उमेर समूहका बालबालिकाहरूको विकासात्मक विशेषताहरू (शारीरिक, संवेगात्मक, सामाजिक, भाषागत र संज्ञानात्मक विकास)।
- **बाल मनोविज्ञान:** बाल मनोविज्ञानको परिचय र यसको प्रारम्भिक बालविकास कक्षाकोठामा व्यावहारिक प्रयोग।
- **विविधता व्यवस्थापन:** बाल कक्षामा देखिने विविधता (शारीरिक, मानसिक, सिकाइ क्षमता, बौद्धिक, आर्थिक, धार्मिक, सामाजिक, र साङ्केतिक/भाषिक विविधता) को पहिचान।

## खण्ड 'ख': विषयगत लिखित परीक्षा

**(पूर्णाङ्क: ५०)**

*(यस खण्डमा विश्लेषणात्मक वा प्रयोगात्मक प्रश्नहरू सोधिनेछन्।)*

१. **पाठ्यक्रम र शैक्षिक योजना निर्माण (१० अङ्क)**

- **प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम, २०७७:** यसको संरचना, विशेषता र पाठ्यक्रमले निर्देश गरेका बालविकासका आधारभूत तथा विषयगत सीपहरू।
- **शैक्षणिक योजनाहरू:** वार्षिक कार्यतालिका, वार्षिक पाठयोजना, र दैनिक पाठयोजनाको अवधारणा। मिक्लाजुङ गाउँपालिकाको भौगोलिक र मौसमी अनुकूलता अनुसार दैनिक पाठयोजना निर्माणमा गरिने नवीनतम् प्रयोगहरू।

२. **शिक्षण विधि, सामग्री र सूचना प्रविधि (१५ अङ्क)**

- **शिक्षण विधिहरू:** प्रारम्भिक बालविकास कक्षामा प्रयोग हुन सक्ने बालकेन्द्रित तथा खेलमा आधारित शिक्षण विधिहरू (Play-based learning) र तिनको व्यावहारिक प्रयोग।
- **स्थानीय शैक्षिक सामग्री:** मिक्लाजुङको स्थानीय परिवेशमा पाइने विना मूल्य र कम मूल्यका सामग्री (बाँस, काठ, पात, ढुङ्गा, कर्नफ्लेक्स आदि) बाट शिक्षण सामग्री निर्माण र तिनको सही प्रयोग गर्ने तरिकाहरू।
- **सूचना तथा सञ्चार प्रविधि (ICT):** प्रारम्भिक बाल कक्षामा ICT (श्रव्य-दृश्य, बाल चित्रकथा, डिजिटल खेलहरू आदि) को प्रयोगका क्षेत्रहरू र यसको अभ्यास।

३. **कक्षाकोठा व्यवस्थापन र विद्यार्थी मूल्याङ्कन (१५ अङ्क)**

- **बालविकास कक्षाकोठा व्यवस्थापन:** भौतिक तथा वातावरणीय व्यवस्थापन (सरसफाइ, बुक कर्न/किताब कुना, शैक्षिक सामग्री प्रदर्शन, बसाइ व्यवस्थापन, सेतोपाटी/ब्ल्याकबोर्डको सही प्रयोग)।

- **विद्यार्थी मूल्याङ्कन र अभिलेख:** प्रारम्भिक कक्षाका बालबालिकाहरूको शैक्षिक उपलब्धि र प्रगतिको मूल्याङ्कन गर्ने प्रक्रिया, साधनहरू (पोर्टफोलियो, निरन्तर अवलोकन) र दैनिक उपस्थिति तथा प्रगतिको अभिलेख व्यवस्थापन।
- **कक्षामा समावेशी शिक्षण:** फरक क्षमता (Disability), सीमान्तकृत समुदाय वा मातृभाषा फरक भएका बालबालिकालाई समेट्ने शिक्षण रणनीति।

४. **सहजकर्ताको भूमिका, चुनौती र सम्बन्ध (१० अङ्क)**

- **सहजकर्ताको योग्यता र गुणहरू:** बालविकास सहजकर्तामा हुनुपर्ने शैक्षिक, मनोवैज्ञानिक, सामाजिक र व्यक्तिगत गुणहरू।
- **काम, कर्तव्य र जिम्मेवारी:** सहजकर्ताको गाउँपालिका र विद्यालयप्रतिको दायित्व र सेवा सुविधाहरू सम्बन्धी जानकारी।
- **अभिभावक र समुदाय सम्बन्ध:** प्रारम्भिक बाल कक्षाका बालबालिकाका अभिभावकहरूसँग सहजकर्ताले राख्नुपर्ने सम्बन्ध र समन्वय (अभिभावक शिक्षा तथा घर-दौलो कार्यक्रम)।
- **नेपाल र स्थानीय सन्दर्भमा बालविकास शिक्षा:** यस क्षेत्रका सबल पक्ष, दुर्बल पक्ष, अवसरहरू र मिक्लाजुङ गाउँपालिकाका विद्यालयहरूमा रहेका विद्यमान चुनौतीहरू।

**<u>परीक्षा सम्बन्धी विशेष नियमहरू:</u>**

१. **नेगेटिभ मार्किङ:** वस्तुगत (खण्ड 'क') परीक्षामा प्रत्येक गलत उत्तरबापत **२०% (०.४) अङ्क कट्टा** गरिनेछ। उत्तर खाली छोडेमा अङ्क कट्टा हुने छैन।

२. **लिखितको मापदण्ड:** विषयगत (खण्ड 'ख') परीक्षामा बुँदागत, प्रयोगात्मक र कक्षाकोठाको वास्तविक समस्या समाधान (Problem Solving) तथा मिक्लाजुङको स्थानीय परिवेश झल्किने व्यावहारिक उत्तरलाई बढी प्राथमिकता दिइनेछ।

## परीक्षा समिति सम्बन्धी व्यवस्था

मिक्लाजुङ गाउँपालिकाको लागि बालविकास सहजकर्ता र विद्यालय सहयोगी छनौट गर्न निम्नानुसार छनौट समिति गठन गरिनेछ।

क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको समितिको सदस्य- अध्यक्ष

ख) शिक्षा शाखा प्रमुख वा शाखा प्रमुखले तोकेको कर्मचारी – सदस्य

ग) ECD सहजकर्ता छनोट गर्न शिक्षा शास्त्रमा स्नातक गरेको विज्ञ सूचीमा सूचीकृत दुईजना वा एक जना विज्ञ र एक जना शिक्षा अधिकृत गरी दुईजना – सदस्य

घ) प्रधानाध्यापक – सदस्य सचिव

**नियुक्ति सम्बन्धि अन्य व्यवस्था (करार) शिक्षक छनोट बमोजिम हुनेछ।**